**नयाँ राहदानी बनाउन वा पुरानो राहदानी नविकरण गर्नको लागि राहदानीको Online फारम भर्ने सेवाग्राहिहरूको सहजताको लागि Online फारम भर्ने तरिका (विस्तृत विवरण सहित) तल प्रस्तुत गरिएको छ :**

## <u>राहदानी e-Passport को फारम भर्ने तरिका</u>

१. नेपाली राजदूतावास कुवेतको वेबसाइटमा उपलब्ध वा **https://emrtds.nepalpassport.gov.np** लिंकमा प्रवेश गर्ने




२. **<u>Apply for Passport राहदानीको लागि आवेदन</u>** मा click गर्ने ।




३. माथि देखिएको ४ विकल्प मध्ये आफ्नो लागि उपयुक्त विकल्प छान्ने


क. पहिलो पटक राहदानी बनाउने (नेपाली बाबु आमाका कुवेतमा जन्मेका सन्तानको हकमा) वा हस्तलिखित राहदानीबाहकहरुले **<u>पहिलो पटक राहदानी लिन</u>** छान्ने ।

ख. पुरानो MRP हुनेहरुले Renewal **<u>म्याद सकिएको राहदानी नविकरण गर्न</u>** छान्ने ।{राहदानीको म्याद समाप्त हुन १ वर्ष वा सो भन्दा कम हुनुपर्ने}


ग. हालको राहदानी हराएको हकमा Lost/Stolen **<u>हराएको/चोरिएको राहदानीको सट्टामा</u>** छान्ने ।

घ. हालको राहदानी विभिन्न कारणले बिग्रेको हकमा Replacement (Damaged) **<u>बिग्रेको राहदानीको सट्टामा</u>** छान्ने।


ङ. त्यसपछि आफ्नो आवश्यकता अनुसार **<u>Ordinary 34 pages</u>** वा **<u>Ordinary 66 pages</u>** अप्सनमा क्लिक गर्ने र Proceed मा क्लिक गर्ने ।






४. **<u>I agree स्वीकृत छ</u>** मा क्लिक गर्ने । I



५. **Book Your Appointment** मा प्रवेश गरेर **Other** अप्सन क्लिक गरी **NE, Kuwait** अप्सन छानेर आफूलाई उपयुक्त हुने मिति र समय बुकिङ् (Booking) गर्ने ।



५. समय Booking पश्चात **<u>To continue, please Retype the characters from the picture</u>** लेखेको तल box मा चित्रमा भए अनुसारको अक्षरहरू लेखेर **<u>Next</u>** मा क्लिक गर्ने ।






६. त्यस पश्चात उपलब्ध हुने राहदानीको फाराममा भएका विभिन्न उपशीर्षकमा रहेका विवरणहरु क्रमशः भर्ने । कुवेतमा आवेदन गर्ने सेवाग्राहीका लागि राष्ट्रिय परिचयपत्र नं राख्नु नपर्ने ।

क. **<u>जनसाङ्ख्यिकी जानकारी</u>** : सम्पूर्ण विवरण भर्ने



ख. <u>नागरिकता सम्बन्धी जानकारी</u> भर्ने



CITIZENSHIP INFORMATION-नागरिकता सम्बन्धी जानकारी

National Identity Number (NIN - Enter Only Digits)

Citizenship Number or Permit Number *

Citizenship Date of Issue B.S. (Nepali date) *

Citizenship Place of Issue (District) *

Citizenship Place of Issue (Abroad)

ग. <u>आवेदकको सम्पर्क विवरण</u> भर्ने



APPLICANT'S CONTACT DETAILS- आवेदकको सम्पर्क विवरण

Mobile number *

+977

Email

Main Address House Number

Main Address Street/Village *

Main Address Ward *

Main Address Country

Nepal

Main Address Province *

Main Address District *

Main Address Municipality *

घ. <u>जरूरी परेमा सम्पर्क गर्ने विवरण</u> भर्ने



CONTACT DETAILS IN CASE OF EMERGENCY-जरूरी परेमा सम्पर्क गर्ने विवरण

Last Name / Surname *

First Name

House Number

Street/Village *

Ward Number *

Country

Nepal

Province *

District *

Municipality *


Phone

Email


ङ. <u>**अन्तिम/हालको राहदानी सम्बन्धी जानकारी**</u> भर्ने र **Next** मा क्लिक गर्ने ।




७. त्यसपश्चात आफ्नो ***नागरिकता प्रमाणपत्रको दुवै पेज (भएसम्म रंगिन), हालको राहदानीको फ्रन्ट पेज (फोटो तथा व्यक्तिगत विवरण र छाप भएको पेज) र ब्याक पेज (पेज ३० र ३१)*** तथा अन्य सान्दर्भिक कागजात ***छुट्टाछुट्टै अपलोड गर्ने***। सबै कागजात अपलोड गरेपश्चात **Next** मा क्लिक गर्ने ।



८. अन्तिम पेजमा Appointment Details को तल **<u>To continue, please Retype the characters from the picture</u>** लेखेको तल box मा चित्रमा भए अनुसारको अक्षरहरू लेखेर **<u>Save</u>** मा क्लिक गर्ने ।




९. त्यसपछि प्राप्त हुने ***बारकोडसहितको फाराम डाउनलोड गरी प्रिन्ट गर्ने*** । राजदूतावासमा आवेदनका लागि आउँदा यो ***बारकोडसहितको फाराम अनिवार्य रुपमा लिएर आउनुपर्नेछ*** । साथै राहदानीको सक्कल, नागरिकता साथमा भए सक्कल र नभएमा फोटोकपि र कुवेतको Civil ID लिएर आउनु होला ।

*e-Passport को आवेदनका लागि Pre-enrollment फाराम भरिसकेपछि राजदूतावासमा Live-enrollment (फोटो खिच्ने, हस्ताक्षर र औंठाछाप लिने) का लागि आँउदा* ***फाराममा तोकिएको मितिमा मात्र आउनुहुन अनुरोध छ।***